**Interdisciplinary Research in Education**
**Volume 10, Issue 2, 2025: 78-89**
**DOI: https://doi.org/10.3126/ire.v10i2.88096**

# अभिभावकको शैक्षिक अवस्थाका आधारमा विद्यार्थीको सुनाइ उपलब्धि

**उमेश काफ्ले, पिएचडि**
शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा, त्रि.वि., कीर्तिपुर
**ORCID:** https://orcid.org/0009-0008-5840-7999
**Email:** umeshkafle4@gmail.com

## शब्दकुञ्जी

*अन्तरक्रिया, उपलब्धि, पृथकीकृत, प्राक्कल्पना, सार्थकताको मान*

## लेखसार

*प्रस्तुत लेखमा अभिभावकको शैक्षिक अवस्थाका आधारमा विद्यार्थीको सुनाइ उपलब्धि विश्लेषण गरिएको छ । यसमा प्रयोजनवादलाई दार्शनिक आधार मानी व्याख्यात्मक क्रमागत मिश्रित ढाँचाको अवलम्बन गरिएको छ । भाषिक परीक्षणको पृथकीकृत पद्धति तथा अनुप्रविष्टि प्राक्कल्पना र अन्तरक्रियाको सिद्धान्तका आधारमा अध्ययन पूरा भएको छ। परिमाणात्मक तथ्याङ्कका लागि काठमाडौँ उपत्यका, काभ्रे र धनुषाबाट ४३१ जना विद्यार्थी लिइएको छ भने गुणात्मक तथ्यका लागि उद्देश्यपरक नमुना छनोट पद्धतिका आधारमा दुई दुईजना विद्यार्थी, शिक्षक र अभिभावक लिइएको छ । औसतमानको भिन्नतालाई ०.०५ सार्थकताको तह मानी अभिभावकको शैक्षिक अवस्थाका आधारमा विद्यार्थीको सुनाइ उपलब्धिको विश्लेषणका लागि टी परीक्षण गरिएको छ । बुबाको शैक्षिक अवस्थाको आधारमा विद्यार्थीको सुनाइ उपलब्धि ०.०९१ आएकाले यस आधारमा विद्यार्थीको सुनाइ उपलब्धिको औसतमानमा तात्त्विक भिन्नता देखिएको छैन । आमाको शैक्षिक अवस्थाको आधारमा प्राप्त सुनाइ उपलब्धिलाई वन वे एनोभाबाट परीक्षण गर्दा सार्थकताको मान ०.००२ आएकाले विद्यार्थीको सुनाइ उपलब्धिको औसत मानमा सार्थक अन्तर देखिएको छ । यही भिन्नतालाई पोस्टहक परीक्षणबाट हेर्दा साक्षर र बाह्रसम्म अध्ययन गर्ने (सार्थकताको मान ०.००८) तथा निरक्षर र बाह्रसम्म अध्ययन गर्ने अभिभावकका सन्ततिको उपलब्धिमा भिन्नता (सार्थकताको मान ०.०१७) देखिएको छ । विद्यार्थीको सुनाइ उपलब्धिको विकासमा बुबाको भन्दा आमाको बढी भूमिका देखिएको छ । आमाको काखबाट सिकाइ प्रारम्भ, पारिवारिक अन्तरक्रिया र सहभागिता तथा सचेत र असचेत प्रयासको विरोधाभाससम्बद्ध आशयको गुणात्मक तथ्यबाट परिमाणात्मक नतिजाको थप व्याख्या भएको छ । यस लेखको प्राप्तिले शिक्षण सिकाइमा संलग्न शिक्षक, भाषिक सचेतना विकास गराउने अभिभावक र मिश्रित ढाँचामा उपलब्धि परीक्षण गर्ने अनुसन्धानकर्तालाई सहयोग गर्ने छ ।*

## परिचय

भाषा सिकारुको भाषा सिक्ने प्रक्रिया र त्यसको मापनका विषयमा अध्ययन अनुसन्धानले चासो देखाउँदै आएका छन् । विद्यार्थीको भाषा सिकाइ सक्षमता प्राप्तिका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको मुख्य भूमिका रहेकाले यी पक्षलाई समेटेर अध्ययन गर्नु चुनौती हो । यही पक्षलाई मुख्य समस्या मानी पौडेल (२०६६) ले भाषाका सिपहरूको प्रयोगात्मक मूल्याङ्कनका साधनहरू सिफारिस गरे पनि यसको थप अध्ययन हुन सकेको छैन । विद्यार्थीको भाषा सिकाइ र त्यसको उपयुक्त सम्प्रेष्य व्यवहार समुदायबाट निर्देशित हुन्छ । समुदायको एक अङ्गका रूपमा घरपरिवार रहेका हुन्छन् । आमाबाबुले आफ्ना छोराछोरीलाई खाने, लगाउने, आचार तथा व्यवहारमा भाग लिने, खेल्ने खेलाउने आदि कुरामा भाषाको मौखिक सम्प्रेषण गर्दछन् र बालबालिका पनि सुनाइकै माध्यमबाट भाषिक व्यवहार सिक्दै जान्छन् (अधिकारी, २०६७)। यसर्थ अभिभावकले आफ्ना सन्ततिलाई सिकाउने भाषिक व्यवहारमा उनीहरूको शैक्षिक अवस्था पनि जोडिएर आएको हुन्छ। सिकारुको भाषा सिकाइको प्रारम्भिक विद्यालय भनेको उसको घरपरिवार नै हो । यही कारण विद्यार्थीको भाषिक व्यवहारका लागि उसका अभिभावकको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, सांस्कृतिक आदि पक्षले मुख्य प्रभाव पारेको हुन्छ । बालबालिकासँग सबैभन्दा धेरै समय उसका आमाबुबाले बिताएका हुन्छन् । प्राकृतिक र सामाजिक रूपमा नै अभिभावकले प्रदर्शन गरेको दोहोरो अन्तरक्रियाबाट भाषा सिकाइ प्रदर्शित हुन्छ । बच्चा तुताउन सुरु गरेदेखि विद्यालयको शिक्षासम्म अभिभावकको भूमिका रहेकाले त्यस पक्षले सिकाइमा के कति प्रभाव पार्छ भनेर अध्ययन गरिन्छ । विद्यार्थीको समग्र भाषिक गतिविधिको सञ्चालक शिक्षक भएकाले खनिया (सन् २०१३) ले भनेझैँ यसको उचित प्रयोगमा भाषा शिक्षकको सक्रियता पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

विद्यार्थीको भाषिक व्यवहारका लागि कथ्य र लेख्य सन्दर्भलाई लिएर अध्ययनको आधार चयन गरिएको पाइन्छ । कथ्यमा सुनाइ र बोलाइ सिप तथा लेख्यमा पढाइ र लेखाइ सिपको प्रभावकारिताले मुख्य अर्थ राख्दछ । सिकाइ क्रमका आधारमा भने सुनाइ र बोलाइलाई प्रारम्भिक तथा पढाइ र लेखाइलाई उत्तरवर्ती सिप मानिन्छ । भाषा सिकाइको आधारभूमि भनेको सुनाइ सिप हो । भाषिक सिपलाई ग्रहणात्मक र प्रदानात्मक गरी विभाजन गरिन्छ। सुनाइ र पढाइ ग्रहणात्मक सिपमा पर्दछन् भने बोलाइ र लेखाइ प्रदानात्मक सिपका पर्दछन् । सुनाइले ग्रहणात्मक क्षमतासँग सम्बन्ध राख्दछ । व्यक्तिको व्यावहारिक जीवनदेखि समग्र भाषिक गतिविधि सुनाइबाट नै सम्पन्न भएको हुन्छ । भट्टराई (२०८१) ले भाषा शिक्षणमा प्रचलित चार सिप र आधारभूत तहका लागि पहिचान गरिएको नवीन पठन सिपगत प्रक्रियाबिचको सम्बन्धको खोजी गरेका छन् । यस अध्ययनले पनि सुनाइ सिपको उपलब्धि मापन र प्रक्रियाका बारेमा स्पष्ट आधार दिन सकेको छैन । काफ्ले (सन् २०२३) ले माध्यमिक तहमा सुनाइ सिप परीक्षणसम्बन्धी दृष्टिकोण पहिचान गरे पनि सुनाइ उपलब्धिको परीक्षण र त्यसको प्रभावकका पहिचानका सम्बन्धमा यस अध्ययन अनुत्तरित रहेको देखिन्छ । विद्यालय तहको शिक्षण कार्यकलापमा पनि सुनाइ सिपको भूमिका रहेको रहन्छ । यसर्थ विद्यालय तहका विद्यार्थीको सुनाइ उपलब्धि के कस्तो छ भनेर मापन गर्न आवश्यक छ । विद्यालय तहलाई आधारभूत र माध्यमिक गरी विभाजन गरिएको छ । सुनाइ र बोलाइ सिपको विकासलाई आधारभूत कक्षाहरू बढी महत्त्वका साथ हेरिन्छ । भाषिक व्यवहार सञ्चालनको मुख्य आधार भनेको कथ्य सन्दर्भ नै हो । व्यक्तिले कथ्य सन्दर्भबाट जे जति अभिव्यक्ति र बोध गर्न सक्छ त्यति लेख्य सन्दर्भबाट नगर्न पनि सक्छ । सुनाइको सम्बन्ध पढाइसँग पनि देखिन्छ किनकि दुवै सिप बोधात्मक क्षमतासँग नजिक छन् ।

विद्यार्थीलाई भाषा शिक्षण गरेपश्चात् उनीहरूको भाषिक व्यवहारमा के कति परिवर्तन आयो भनेर मापन गरिन्छ । उक्त मापनले विद्यार्थीको भाषा सिकाइको वास्तविक अवस्था र सिकाइ दर पहिचान गर्दछ । निश्चित सिकाइ अपेक्षालाई आधार मानी विद्यार्थीको तह र पाठ्यक्रम अनुरूपको सिकाइ स्थिति पहिचान चासोको विषय हो । आचार्य (२०७१) ले प्राथमिक शिक्षा विकास परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना पहिलो र दोस्रो, शिक्षा अनुसन्धान तथा विकास केन्द्र, शिक्षा विभाग, शिक्षा विकास सेवा केन्द्र, शिक्षा अनुसन्धान र सामाजिक विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सञ्चालन गरेका सन् १९९७ देखि सन् २०१३ सम्मको ३, ४, ५, ६, ८ र १० कक्षाहरूको नेपाली विषयको समग्र उपलब्धि ५० प्रतिशतभन्दा कम भएको तथ्य उल्लेख गरेका छन् । यस अध्ययनले राष्ट्रिय उपलब्धिको समीक्षा गरी नेपाली विषयको उपलब्धिको अध्ययन र सुधारतर्फ सङ्केत गरेको छ ।

एकोहोरो शिक्षण मात्र गरेर विद्यार्थीले सिकाइ गरेका छन् भन्न सकिँदैन । यसका लागि उनीहरूको उपलब्धिमा पनि सुधार आवश्यक देखिएको छ । भाषिक सिपको परीक्षण गर्दा पढाइ र लेखाइका तुलनामा सुनाइ सिपको परीक्षण निकै चुनौतीपूर्ण मानिएको छ । यसमा सामग्री निर्माण, उत्पादन, प्रयोग र विश्लेषणमा चुनौती रहने अध्ययनहरूले देखाएका छन् । सुनाइ सिप परीक्षणका लागि सामग्री निर्माण र प्रयोगमा चुनौती रहेको छ (घिमिरे, सन् २०१९) । विद्यार्थीको भाषिक सिपमा समान विकास नगरेमा प्रभावकारी सिकाइ उपलब्धिमा समस्या रहन सक्छ । महर्जन (सन् २०१७) ले सुनाइ सिपको परीक्षणका लागि प्रामाणिक कार्यप्रदर्शन गर्ने र सूचनाको स्थानान्तरणलाई मुख्य मानेका छन् । सुनाइ सिपको उपलब्धि मापनका लागि छोटा प्रश्नका साथसाथै श्रुतिलेखनलाई उपयोग गर्न सकिने बताएका छन् । पाण्डे (सन् २०२४) ले सुनाइका लागि संक्षिप्त र वस्तुगत प्रकृतिका प्रश्नका आधारमा सूक्ष्म र बृहत् परीक्षण गर्न सकिने आधार दिएका छन् । काफ्ले (सन् २०२४) ले सुनाइ सिपको उपलब्धिको मापनका लागि प्रयोग गरिने पाठ र त्यसको संरचनाको विश्लेषण गरेर सुनाइका लागि उपयुक्त हुने श्रवण सामग्रीको लम्बाइ पहिचान गरेका छन् तर यी अध्ययनले सुनाइ उपलब्धि मापनका लागि स्पष्ट आधार दिन सकेको छैन ।

भाषिक उपलब्धि र त्यसका प्रभावकका बारेमा विभिन्न अध्ययन भए पनि सुनाइ सिपको उपलब्धि मापन र त्यसका प्रभावकका बारेमा स्पष्ट अध्ययन हुन सकेको छैन । काफ्ले (२०८२) ले लैङ्गिकता, सञ्चारका साधनको प्रयोग, भाषिक पृष्ठभूमि, अतिरिक्त क्रियाकलापमा सहभागिता र उमेरका आधारमा विद्यार्थीको सुनाइ सिपको उपलब्धिको अध्ययन गरे पनि अभिभावकको शैक्षिक अवस्थाका आधारमा अध्ययन गरेका छैनन् । भण्डारी र तिम्सिना (सन् २०२४) को अध्ययनले विद्यार्थीको शैक्षिक उपलब्धिमा देखिने ५० प्रतिशत फरक अभिभावकको शिक्षाका कारण हुन सक्ने र बाँकी ५० प्रतिशत अन्य कारणहरू हुन सक्ने निष्कर्ष निकालेका छन् । बरुति (सन् २०२३) को अध्ययनमा बालबालिका र अभिभावकबिचको अन्तरक्रिया, परिवारको सामाजिक-आर्थिक स्थिति, डिजिटल उपकरणको प्रयोग तथा अन्य सम्बन्धित सूचकहरू र उच्चारण परीक्षणका प्राप्त नतिजाहरूबिचको सहसम्बन्ध विश्लेषण गरिएको छ । उक्त अध्ययनमा पारिवारिक सामाजिक-आर्थिक स्थितिले उल्लेख्य प्रभाव नपारे पनि अभिभावक-बालबालिका सम्बन्धका सूचकहरू तथा डिजिटल उपकरणको प्रयोगका प्रकारले उच्चारण परीक्षणका उपलब्धिमा महत्त्वपूर्ण प्रभाव पारेको देखिन्छ । बालविकाससम्बन्धी अभिभावकको ज्ञान तथा पारिवारिक वातावरणले उच्चारण परीक्षणका नतिजाहरूसँग उल्लेखनीय

सहसम्बन्ध प्रदर्शन गरेकाले सुनाइ उपलब्धिमा पनि अभिभावकको शैक्षिक अवस्थाको प्रभाव पहिचान अध्ययनको विषय बनेको हो । शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७२) ले आमाको शैक्षिक स्तरको आधारमा पनि बालबालिकाहरूको सिकाइ उपलब्धिमा ठुलो अन्तर रहेको देखाएको छ । निरक्षर आमाका बालबालिकाको सिकाइ उपलब्धि साक्षर र विद्यालय शिक्षा पूरा गरेका आमाका बालबालिकाभन्दा धेरै कम रहेको देखिन्छ । त्यसमा पनि उच्च शिक्षा प्राप्त गरेका आमाहरूका सन्तानको सिकाइ उपलब्धि अझ उच्च रहेको छ। आमाको शैक्षिक अवस्था राम्रो हुँदा बालबालिकाको सिकाइ उपलब्धि पनि राम्रो हुने गरेको देखियो । दुवै परीक्षणमा समावेश गरिएका नेपाली र गणित विषयमा निरक्षर आमाबुबा भन्दा साक्षर र साक्षरभन्दा माथिल्लो शिक्षा हासिल गरेका बाबुआमाका सन्तानको औसत सिकाइ उपलब्धि उच्च रहेको निष्कर्ष निकालिएको छ। यसले पढाइ उपलब्धिलाई मुख्य आधार मानेकाले सुनाइ सिपको उपलब्धि मापनका लागि पनि यस चलको प्रभाव अध्ययन अपेक्षाकृत छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७३) ले आमाबाबुको शैक्षिक पृष्ठभूमि र उनीहरूका बालबालिकाको सिकाइ उपलब्धि अन्तरसम्बन्धित देखिने र आमाबाबुको शैक्षिक अवस्थाले उनीहरूका बालबालिकाको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको नतिजा निकालेको छ। निरक्षर आमाबाबुका बालबालिकाको सिकाइ उपलब्धि साक्षर र विद्यालय शिक्षा पूरा गरेका आमाबाबुका बालबालिका भन्दा धेरै कम रहेको देखाएको छ । त्यसमा पनि एसएलसी, १२ कक्षा र स्नातक तहसम्मको शिक्षा प्राप्त गरेका आमाबाबुका सन्तानको सिकाइ उपलब्धि अझ उच्च देखिएको छ । आमाबाबुको शैक्षिक अवस्था जति धेरै राम्रो भयो बालबालिकाको सिकाइ उपलब्धि पनि त्यति नै राम्रो हुने गरेको छ तर स्नातकोत्तर सम्मको अध्ययन गरेका आमाबाबुका बालबालिकाको सिकाइ उपलब्धि भने स्नातक आमाबाबुका बालबालिकाको औसत सिकाइ उपलब्धिभन्दा कम देखिन्छ । पौडेल (२०६७ ) ले वातावरणीय भिन्नता, सांस्कृतिक तथा सामाजिक परिवेशका विभिन्नताले दोस्रो भाषा सिकाइ पूर्ण रूपमा प्रभावित हुने बताएका छन् । पौडेल (२०७२) ले अभिभावकद्वारा स्थापना गरिएका सम्बन्धहरूको अवस्था, सहभागिता र स्वयम् बाट हुने प्रतिनिधित्व अनुपातको असर छात्रछात्राहरूको सामाजिक व्यवहारमा मात्र नभई ज्ञान र सिपको विकास तथा सिकाइ र निर्माणमा समेत देखिने निष्कर्ष निकालेका छन् । समभाषिक परिवेशमा हुर्केका छात्रछात्राहरूको भाषा सिकाइका सन्दर्भमा अभिभावक, समाज, अग्रज र साथीभाइहरू सहजकर्ताका देखिएका छन् । यस अध्ययनका आधारमा पनि सुनाइ सिपको उपलब्धि मापनमा अभिभावकको शिक्षालाई स्वतन्त्र चलका रूपमा लिइएको छ ।

सुनाइ सिपलाई अलग्गै परीक्षण गर्दा पृथकीकृत पद्धतिलाई उपयोग गरिन्छ । हिटन (सन् १९८८) ले भाषिक एकाइ र भाषिक सिपलाई एक समयमा एउटा पक्षलाई मात्र छुट्याएर परीक्षण गर्न सुझाव दिएका छन् । सुनाइ सिपको वास्तविक उपलब्धि मापनमा यस सिद्धान्तले सहयोग गरेको छ। ओलर (सन् १९७९) ले पनि शब्दभण्डार, वर्ण वा ध्वनि, वाक्य र भाषाका सिपलाई अलग अलग रूपमा मापन गर्न जोड दिएका छन् । यस अध्ययनमा सुनाइका आधारमा शब्दभण्डार, भाषिक संरचना र बोध पक्षको मापन गरिएकाले पृथकीकृत पद्धतिको प्रयोग सान्दर्भिक रहेको छ। रोस्ट (सन् २०११) ले लागि सुनाइएका सामग्रीमा रहने सामान्य ज्ञान, प्रयोगात्मक ज्ञान, वाक्यसंरचनासम्बन्धी ज्ञान, अर्थ निर्धारण र उत्पादनसम्बन्धी ज्ञान र ध्वनि पहिचानसम्बन्धी ज्ञान आवश्यक रहने बताएका छन् । पृथकीकृत पद्धतिअनुसार वर्णविभेदीकरण, भावपहिचान र प्रतिक्रिया मूल्याङ्कनबाट सुनाइ सिपको उपलब्धि परीक्षण गर्न सकिन्छ (बुक,

सन् २०१०) । यिनै विद्वान्का मतका आधारमा सुनाइ सिपको उपलब्धिको मापनलाई अगाडि बढाइएको छ । विद्यार्थीले भाषिक सिपको विकासका लागि उनीहरूले प्राप्त गरेको भाषिक पृष्ठभूमि र वातावरणअनुकूलको अन्तरक्रिया पनि मुख्य हुन्छ । लङ (सन् १९८१) ले मातृभाषी र गैरमातृभाषी बिचको अन्तरक्रिया र संवादमा विविधता हुने दृष्टिकोण राखेकाले त्यस पक्षलाई टेकेर विद्यार्थीको सुनाइ उपलब्धिमा अन्तरक्रिया र पारिवारिक संवादको स्थितिलाई अभिभावकको शिक्षाको स्थितिमा व्याख्या गरिएको छ । क्रासन (सन् १९९५) ले कसरी भाषा आर्जन गरिन्छ भन्ने प्रश्नका आधारमा अनुप्रविष्टि प्राक्कल्पना प्रस्तुत गरेका छन् । यसले विद्यार्थीसँग भएका बोधात्मक क्षमतालाई जोड दिएको र सुनाइ सिप पनि बोधसँग सम्बद्ध भएकाले प्राप्त नतिजाको व्याख्या र छलफल गर्नका लागि उपयोग गर्नु सान्दर्भिक ठानिएको छ । उल्लिखित अध्ययनबाट सुनाइ सिपको उपलब्धि पहिचानको सैद्धान्तिक आधार बने पनि अभिभावकको शैक्षिक अवस्थालाई मुख्य मानी नेपाली भाषामा सुनाइ उपलब्धिको तुलनात्मक अध्ययन हुन नसकेको अनुसन्धान अन्तरालन पहिचान भएको छ । यसर्थ यस अध्ययनमा आधार भूत तहमा अध्ययनरत विद्यार्थीका अभिभावकको शैक्षिक अवस्थाका आधारमा सुनाइ उपलब्धिको विश्लेषणलाई मुख्य आधार क्षेत्र मानिएको छ ।

## विधि र उपकरण निर्माण

प्रस्तुत लेख प्रयोजनवादको दार्शनिक आधारमा टेकेर क्रमागत व्याख्यात्मक मिश्रित ढाँचामा तयार गरिएको छ । क्रसवेलले (सन् २०१९) प्रयोजनवादको दर्शनमा आधारित भई अध्ययन गर्दा अनुसन्धानको आवश्यकता र उद्देश्यका आधारमा परिमाणात्मक गुणात्मक प्रकृतिलाई आत्मसात् गर्न सकिने बताएका छन् । यस ढाँचामा परिमाणात्मक पछि गुणात्मक तथ्याङ्क लिइन्छ (खनाल, २०८०) । परिमाणात्मक तथ्याङ्कका लागि काठमाडौँ उपत्यका, काभ्रे र धनुषालाई अध्ययन क्षेत्र मानिएको छ । यी क्षेत्रबाट भाषिक पृष्ठभूमिलाई समेत आधार मानी ४३१ विद्यार्थी लिइएको छ । यस अनुसन्धानमा आधारभूत तहमा अध्ययनरत विद्यार्थीको सुनाइ उपलब्धिलाई आश्रित चल र अभिभावकको शैक्षिक अवस्थालाई स्वतन्त्र चल मानी अध्ययन गरिएको छ । विद्यार्थीलाई कथा, कविता, संवाद, समाचार र कविता विधाबाट श्रवण गराई त्यसका आधारमा प्रश्नावली भर्न लगाइएको छ । यस्तो प्रश्नावली तयार गर्दा ६० अङ्कको बहुवैकल्पिक प्रश्नमात्र प्रयोग गरिएको छ । विद्यार्थीलाई मुख्य पाठ र प्रश्न दुवै अडियोबाट श्रवण गर्न लगाई त्यसको आधारमा प्रश्नावलीमा रेजा चिह्न दिन लगाइएको छ । मुख्य पाठलाई दुई पटक श्रवण गराएपछि मात्र प्रश्न दिएर उत्तर पहिचान गर्न लगाइएको छ । यसमा पूर्णतः सुनाइ उपलब्धिको मात्र बोधात्मक क्षमता पहिचान गरिएकाले वस्तुगत प्रकृतिको प्रश्नलाई प्रयोग गरिएको हो । परिमाणात्मक विश्लेषणका लागि एसपिएसएस सफ्टवेयर प्रयोग गरिएको छ । अभिभावकको शैक्षिक अवस्थामा निरक्षर, साक्षर, बाह्र कक्षा र स्नातक वा सोभन्दा माथिसम्म आधार मान्दा बहुचल भएकाले यसका लागि वन वे एनोभा परीक्षण गरिएको छ भने यसमा सार्थकता मान ०.०५ भन्दा कम आएमा पोस्टहक टेस्ट उपयोग गरिएको छ । विद्यार्थीको सुनाइ उपलब्धिको थप व्याख्या गर्नाका लागि दुई दुई जना विद्यार्थी, शिक्षक र अभिभावकसँग कुराकानी गरिएको छ । अन्तर्वार्ताबाट आएको तथ्यलाई आशय निर्माणको विश्लेषण पद्धति अपनाई सहभागीको भनाइ राख्दा १, २.. सङ्केत प्रयोग गरिएको छ । परिमाणात्मक र गुणात्मक तथ्याङ्कको नतिजालाई छलफल खण्डमा एकीकृत गरी अध्ययनको निष्कर्ष तयार गरिएको छ ।

## नतिजा

विद्यार्थीको सुनाइ उपलब्धिको मापनबाट प्राप्त परिमाणात्मक तथ्याङ्क र गुणात्मक तथ्याङ्कलाई यहाँ प्रस्तुत गरिएको छ । अभिभावकको शैक्षिक अवस्थाले

विद्यार्थीको सुनाइ उपलब्धिमा पार्ने तथ्याङ्कशास्त्रीय अन्तर र त्यसलाई सहभागीले गर्ने पुष्टिमा केन्द्रित भई नतिजाको प्रस्तुतीकरण गरिएको छ ।

**अभिभावकको शिक्षाको आधारमा सुनाइ उपलब्धि**

विद्यार्थीको सुनाइ उपलब्धि विकासमा बुबाको भन्दा आमाको भूमिका बढी देखिएको छ । औसतमानमा अभिभावकको शिक्षाका आधारमा विद्यार्थीको सुनाइ उपलब्धि बढ्दो क्रममा पाइएको छ । भाषा सिकाइका आधार पारिवारिक वातावरण भएकाले पनि यस्तो देखिएको हो । यहाँ विद्यार्थीको सुनाइ उपलब्धिलाई औसतमान मानक विचलन र सार्थकताको मानका आधारमा विश्लेषण गरिएको छ।

**तालिका १.** *बुबाको शिक्षाका आधारमा विद्यार्थीको सुनाइ उपलब्धि*

| शिक्षा | औसत | मानक विचलन | एफमान | सार्थक्ताको मान |
|---|---|---|---|---|
| निरक्षर | ३५.०९ | ७.४४ | २.१० | ०.०९९ |
| साक्षर | ३४.८९ | ८.६० | | |
| दश वा दश जोड दुईसम्म | ३६.१७ | ९.७० | | |
| स्नातक वा सो भन्दा माथि | ३७.५० | १०.८२ | | |

तालिका १ मा बुबाको शिक्षाका आधारमा विद्यार्थीको सुनाइ उपलब्धि दिइएको छ । औसत मानका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी सुनाइ उपलब्धि स्नातक वा सोभन्दा माथिका शैक्षिक योग्यता रहेका अभिभावकका सन्ततिको रहेको छ । साक्षर बाबुको भन्दा निरक्षर बाबुका छोराछोरीको सुनाइ उपलब्धि बढी पाइएको छ । यस आधारमा साक्षर र निरक्षर बुबाका सन्ततिको सुनाइ उपलब्धिमा फरक देखिँदैन । मानक विचलनका आधारमा निरक्षर बुबाका सन्ततिका सुनाइ उपलब्धि औसतमानबाट कम फैलावटमा देखिन्छ भने बिस्तारै माथिल्लो शैक्षिक योग्यता भएका बुबाका सन्ततिको मानक विचलन बढ्दै गएको छ । यस तथ्यले विद्यार्थीले प्राप्त गरेका सुनाइ उपलब्धिमा माथिल्लो योग्यताले औसत मानको अन्तरालन भने सिर्जना गरेको छ । । सार्थकताको मान ०.०९९ रहेकाले बुबाको शैक्षिक स्थितिको आधारमा विद्यार्थीको सुनाइ उपलब्धिमा तात्त्विक भिन्नता भने देखिएको छैन। उच्च शैक्षिक पृष्ठभूमि भएका अभिभावकहरूले बालबालिकालाई उपलब्ध गराउने भाषिक वातावरण, अध्ययन सहयोग तथा भाषिक अन्तरक्रियाले पनि सुनाइ उपलब्धिमा अन्तर पार्छ । विद्यार्थीको सुनाइ उपलब्धिलाई बुबाको शिक्षाले मात्र नभई विद्यार्थीले पाएका भाषिक, सामाजिक व्यवहार र व्यापक सम्पर्कले पनि प्रभावित पार्न सक्छन् । सुनाइ बोधात्मक प्रक्रिया भएकाले यसका लागि विद्यार्थीका संज्ञानात्मक पक्षले पनि मुख्य भूमिका देखाउन सक्छ ।

**तालिका २.** *आमाको शिक्षाका आधारमा विद्यार्थीको सुनाइ उपलब्धि*

| शिक्षा | औसत | मानक विचलन | एफमान | सार्थक्ताको मान |
|---|---|---|---|---|
| निरक्षर | ३४.७१ | ७.८८ | ५.००९ | ०.००२ |
| साक्षर | ३४.४८ | ९.२२ | | |
| दश वा दश जोड दुईसम्म | ३८.०७ | ८.८८ | | |
| स्नातक वा सो भन्दा माथि | ३८.६७ | ११.६३ | | |

तालिका २ मा आमाको शिक्षाका आधारमा विद्यार्थीको सुनाइ उपलब्धि दिइएको छ । औसतमानका आधारमा निरक्षर र साक्षर आमाका सन्ततिको सुनाइ क्षमतामा धेरै भिन्नता देखिएको छैन भने दश वा दश जोड दुईभन्दा माथिल्लो योग्यता

भएका आमाका छोराछोरीको भने सुनाइ उपलब्धि बढ्दै गएको छ । मानक विचलनका आधारमा निरक्षर र बाह्रसम्म अध्ययन गरेका आमाका बालबालिकाको औसतमानबाट सुनाइ उपलब्धि ८ अङ्कसम्म विचलन देखिन्छ भने स्नातक वा सोभन्दा माथिसम्म योग्यता भएका आमाका बालबालिकाको सुनाइ उपलब्धि औसत मानबाट सबैभन्दा बढी फैलावटमा देखिन्छ । यस आधारमा विद्यार्थीले प्राप्त गरेका सुनाइ उपलब्धिको अङ्कमा विविधता पाइन्छ । सार्थकताको मान ०.००२ रहेको र यो मान सार्थकताको तह ०.०५ भन्दा कम भएकाले आमाको शैक्षिक अवस्थाका आधारमा विद्यार्थीको सुनाइ उपलब्धिमा स्पष्ट भिन्नता देखिएको छ । समूहगत आधारमा यस भिन्नतालाई पहिचान गर्नका लागि पोस्ट हक टेस्ट गरिएको छ ।

**तालिका ३.** *आमाको शिक्षाका आधारमा विद्यार्थीको सुनाइ उपलब्धिको तुलना*

| शिक्षा | शिक्षा | औसातको अन्तराल | सार्थकताको मान | ९५% विश्वस्तता अन्तराल | |
|---|---|---|---|---|---|
| | | | | निम्न सीमा | उच्च सीमा |
| निरक्षर | साक्षर | .२३१ | .९९४ | -२.३२ | २.७८ |
| | दश सरह वा दश जोड दुई | -३.३६ | .०१७ | -६.२९ | -.४३ |
| | स्नातक वा सो भन्दा बढी | -३.९६ | .३३१ | -१०.२१ | २.२७ |
| साक्षर | निरक्षर | -.२३ | .९९५ | -२.७८ | २.३२ |
| | दश सरह वा दश जोड दुई | -३.५९ | .००८ | -६.५० | -.६८ |
| | स्नातक वा सो भन्दा बढी | -४.१९ | .२८२ | -१०.४३ | २.०३ |
| दश सरह वा दश जोड दुई | निरक्षर | ३.३६ | .०१७ | .४३ | ६.२९ |
| | साक्षर | ३.५९ | .००८ | .६८ | ६.५० |
| | स्नातक वा सो भन्दा बढी | -.५९ | .९९४ | -६.९७ | ५.७७ |
| स्नातक वा सो भन्दा बढी | निरक्षर | ३.९६ | .३३१ | -२.२७ | १०.२१ |
| | साक्षर | ४.१९ | .२८२ | -२.०३ | १०.४३ |
| | दश सरह वा दश जोड दुई | .५९९ | .९९४ | -५.७७ | ६.९७ |

तालिका ३ मा आमाको शिक्षाका आधारमा सुनाइ उपलब्धिमा हुने भिन्नतालाई तुलनात्मक अध्ययन गरिएको छ। आमा निरक्षर भएका र साक्षर भएका बालबालिकाको सुनाइ उपलब्धिको सार्थकताको मान ०.९९५ रहेकाले औसतमान तात्त्विक भिन्नता देखिँदैन । निरक्षर र दशजोड दुईसम्म

अध्ययन गरेका आमाका बालबालिकाको श्रवण उपलब्धिको सार्थकताको मान ०.०१७ रहेकाले यी दुई चलका आधारमा विद्यार्थीको सुनाइ उपलब्धिमा सार्थक भिन्नता छ । आमाको शिक्षाको स्तर र विद्यार्थीको सुनाइ उपलब्धिबिच तथ्याङ्कशास्त्रीय सम्बन्ध रहेको छ । आमाले प्राप्त गरेको शैक्षिक योग्यताको प्रतिविम्बन उनीहरूको बालबालिकामा पनि देखिन्छ । निरक्षर आमाका तुलनामा बाह्रसम्म अध्ययन गरेका आमाले गर्ने भाषिक गतिविधि र अभ्यासले प्रभाव पार्दछ । निरक्षर र स्नातकसम्म अध्ययन गरेका आमाका बालबालिकाको सुनाइ उपलब्धिमा भने सार्थक भिन्नता देखिएको छैन । साक्षर र बाह्रसम्म अध्ययन गरेका आमाका सन्ततिको औसतमानको भिन्नतालाई सार्थकताको तहका आधारमा हेर्दा सार्थकताको मान ०.००८ आएकाले यी शैक्षिक अवस्थाले विद्यार्थीको सुनाइ उपलब्धिमा स्पष्ट प्रभाव पारेको छ । न्यूनतम र उच्चतम शैक्षिक योग्यता प्राप्त महिलाको भन्दा पनि मध्यम प्रकृतिका शिक्षा प्राप्त महिलाले गर्ने भाषिक व्यवहारबाट सुनाइ उपलब्धिमा भिन्नता सिर्जना गर्ने निष्कर्षमा पुग्न सकिन्छ । यस समूहका आमाहरूले घरमा प्रयोग गर्ने भाषा प्रायः सरल र शिक्षणका लागि सहज हुने भएकाले बालबालिकाले सुन्ने, बुझ्ने र पुनः प्रतिक्रिया दिने क्षमतामा सकारात्मक प्रभाव देखापर्छ । मध्यम शिक्षित आमाद्वारा प्रदान गरिने भाषिक सहकार्य बालबालिकाको सुनाइ प्रक्रियासँग बढी अनुकूल रहन्छ ।

## शैक्षिक अवस्थाका आधारमा विद्यार्थीको सुनाइ उपलब्धिको व्याख्या

विद्यार्थीको सुनाइ उपलब्धिलाई आश्रित चल र अभिभावकको शैक्षिक अवस्थालाई स्वतन्त्र चल मानी गरिएको अध्ययनमा स्पष्ट भिन्नता देखिएको अर्थात् सार्थकताको मान ०.०५ भन्दा कम आएका नतिजालाई थप व्याख्या गर्नका लागि विद्यार्थी, शिक्षक र अभिभावकसँग कुराकानी गरिएको छ । यस विश्लेषणका लागि परिमाणात्मक तथ्याङ्कलाई नै मुख्य आधार मानिएको छ । सार्थकताको मानका आधारमा बुबाको शैक्षिक अवस्थाका आधारमा विद्यार्थीको सुनाइ उपलब्धिमा सार्थक भिन्नता सिर्जना नगरे पनि आमाको शैक्षिक अवस्थाले पनि स्पष्ट प्रभाव पारेको छ । यस पक्षलाई थप व्याख्या आशय निर्माण गरी विश्लेषण गरिएको छ ।

### आमाको काखबाट भाषा सिकाइ

विद्यार्थीले भाषा सिकाइको प्रारम्भ आमाको काखबाट गर्ने भएकाले उनीहरूको सुनाइ उपलब्धिमा आमाको  भूमिका रहने प्रतिक्रिया आएको छ । पहिलो भाषाका सन्दर्भमा यस्तो प्रभाव बढी रहने दृष्टिकोण सहभागीहरूको छ । यस सन्दर्भमा विद्यार्थी १ ले यस्तो मत राखेका छन् : म त आमासँगै हुर्किएको हो, बुबा त धेरैजसो विदेशतिर बस्नु हुन्थ्यो । त्यही भएर होला भाषाका कुरामा पनि आमाको प्रभाव देखिन्छर । सानैदेखि बालबालिकाको हेरचाह गर्ने काममा आमाको भूमिका बढी भएकाले यस्तो प्रभाव देखिएको हो । उसको बाल्यकाल आमासँग बितेकाले पारिवारिक भूमिका र संरचनाका दृष्टिले आमाको प्रभावलाई थप व्याख्या गरेको छ । शिक्षक२ ले पनि विद्यार्थीको सुनाइ उपलब्धिमा आमाको भूमिका रहने बताएका छन् :

> हाम्रो भनाइ नै छ नि...एक जना आमा शिक्षित भइन् भने उनले परिवार र समाजलाई नै शिक्षित बनाउने प्रयास गर्छिन् । विद्यालयमा आउने विद्यार्थीको समग्र व्यवहारमा आमाको भूमिका देख्छु म त । बोलीचाली, आचरण, जीवनशैली सबै पक्षमा आमाबाट बढी प्रभावित हुन्छ । विद्यार्थीको पढाइप्रतिको सहयोगमा पनि आमाको भूमिका हुनाले सुनाइ प्रभाव देखिनु स्वाभाविक देखिन्छ ।

यस भनाइले भाषा सिकाइमा आमाको भूमिकालाई सहज रुपमा स्वीकार गर्दछ । सामाजिक र सांस्कृतिक रूपमै बालबालिका आमाबाट बढी प्रभावित भएका हुन्छन् । विद्यार्थीको भाषिक व्यवहारमा पनि पारिवारिक पृष्ठभूमि स्वतः मिसिएर आएको हुन्छ । अभिभावक१ को मत चाहिँ यस्तो छ : बच्चालाई भाषा सिकाउने भनेर नै त केही प्रयास गरिँदैन तर बढी समय हामीसँगै हुन्छ...त्यही भएर केही प्रभाव देखिएको हुन सक्छर । विद्यार्थीले भाषा सिकाइको प्रारम्भ र त्यसको प्रशस्त अभ्यास परिवारबाट गर्ने भएकाले यस्तो नतिजालाई सहभागीले स्वीकार गरेका छन् ।

## पारिवारिक अन्तरक्रिया र सहभागिता

विद्यार्थीको सुनाइ उपलब्धिमा अभिभावकको शैक्षिक अवस्थाको प्रभाव देखिएको नतिजालाई सहभागीले पारिवारिक अन्तरक्रिया र बालबालिकासँगको सहभागितालाई मुख्य आधार मानेका छन् । यस सम्बन्धमा विद्यार्थी १ को मत यस्तो छ : आमाबुबासँग बोल्ने कुराको त्यस्तो कुनै हिसाब नै हुन्न नि..तर भाषा सिक्दै छौ भनेर गफगाफ गरिन्न नि तर । सहज र स्वाभाविक रूपमा विद्यार्थीले आफ्नो घरपरिवारबाट सिक्दै आएको तथ्य यसबाट पुष्टि हुन्छ । विद्यार्थी२ को मत भने यस्तो छ : मलाई आमाबुबाको पढाइ त त्यति थाहा छैन तर गृहकार्य गर्न नै भ्याइनभ्याइ हुन्छ..बसेर गफगाफ नै गर्ने भनेर त बसिन्नर । यस भनाइले के देखाउँछ भने विद्यार्थी औपचारिक पढाइमै केन्द्रित छ तर ऊ पारिवारिक अन्तरक्रिया र सहभागितामा समय दिन सकेको हुँदैन । यसले गर्दा उसको सिकाइमा पनि परिवारको सदस्य प्रत्यक्ष भूमिका देखिन पाएको छैन । यस सन्दर्भमा शिक्षक१ ले यस्तो मत राखेका छन् :

> अभिभावकको शैक्षिक अवस्थाले भाषा सिकाइको उपलब्धिमा प्रभाव पार्नु स्वाभाविक नै हो । सुनाइ कथ्य सन्दर्भसँग सम्बन्धित भएकाले उसले घरमा गर्ने कुराकानीले पनि मुख्य अर्थ राख्छ । हिजोआज धेरै बालबालिका मोबाइलमै झुत्तिने र परिवारका सदस्यसँग राम्रो गरी बोलचाल नहुने अवस्था पनि बढ्दै गएको छ । यसर्थ मलाई चाहिँ के लाग्छ भने अभिभावकको शिक्षा मात्र भएर..भन्दा पनि उसले आफ्ना सन्ततिलाई कति भाषिक अन्तरक्रियामा ल्याउँछ भन्ने कुराले मुख्य आधार तय हुन्छ ।

माथिको भनाइले अभिभावकको शैक्षिक अवस्थाले सिकाइमा पार्ने प्रभाव स्वाभाविक र अपेक्षाकृत देखिन्छ । घरपरिवारमा हुने कुराकानी र भाषिक व्यवहारले सुनाइ उपलब्धिलाई अन्तर पार्ने मत प्राप्त भएको छ । हिजो आजको सूचना सञ्चारको प्रभावले विद्यार्थीले पारिवारिक अन्तरक्रिया र आफ्नो सहभागिता छाड्दै गएकाले पनि पूर्णतः प्रभाव पहिचान कायम गर्न समस्या हुने देखिन्छ । यसर्थ जुन परिवारले बालबालिकासँग प्रत्यक्ष र धेरै समय बिताउँछ, उसकै सुनाइ उपलब्धि राम्रो हुन सक्छ । अभिभावक२ को यस सम्बन्धमा यस्तो धारणा रहेको छ : विद्यालय जान लागे पछि र ..बिस्तारै माथिल्लो कक्षामा पुगेपछि बच्चालाई धेरै समय दिन सकिँदैन...फेरि उनीहरू पनि साथीहरूसँग बढी रमाउने प्रकृतिका हुन्छन्र । यस मतले विद्यार्थीहरू जति माथिल्लो कक्षामा पढ्ने हुन्छन् त्यति घरपरिवारको शैक्षिक अवस्थाको प्रभाव कम हुँदै जान्छ । विद्यार्थीले बिस्तारै आफ्नो सिकाइलाई सुधार गर्दै लैजान सक्छन् । साथीसमूहसँग बढी घुलमिल हुने र परिवारसँग टाढा हुन खोज्ने प्रकृतिले पनि उनीहरूको भाषिक अभिव्यक्तिमा परिवारको भूमिका केही निष्क्रिय हुन सक्दछ ।

## सचेत प्रयास र असचेत प्रयासको विरोधाभास

विद्यार्थीले आफ्ना परिवारसँगको घुलमिलबाट सचेत र असचेत रूपमा भाषा सिक्ने मत प्राप्त

भएको छ । परिवारका सदस्यले बोलेका कुरा बालबालिकाले असचेत रूपमा सिकिरहेका हुन्छन् । अभिभावकको शैक्षिक अवस्था राम्रो भएमा उनीहरूलाई सचेत रूपमा भाषा सिकाउने प्रवृत्ति पाइन्छ । यस सन्दर्भमा विद्यार्थी१ को मत यस्तो छ : हामीले बोलेका कुरा यसरी बोल भनेर त सिकाउनु हुन्न तर केही नराम्रो बोल्यो भने चाहिँ कराउनुहुन्छ ..भाषा सिकाउने भन्ने त छैनर । यस मतका आधारमा हेर्दा अभिभावकले आफ्ना सन्ततिलाई भाषिक व्यवहारमा उच्चता ल्याउन सधैँ प्रयास गरेको देखिन्छ । उनीहरूले राम्रो र मिठो बोल्न र त्यसका आधारमा उपयुक्त भाषिक व्यवहार सञ्चालन गर्न सहयोग गरेको पुष्टि हुन्छ । यस सन्दर्भमा विद्यार्थी२ को अनुभव यस्तो छ : घरमा भएको वेला नेपाली विषय पनि सिकाउनु हुन्छ... कहिले काहीँ कविता, गीत सुनाएर यहाँ के भनेको छ भनेर सोध्नु पनि हुन्छर । अभिभावकले सचेत भएर सिकाउँदा र नसिकाउँदा पनि विद्यार्थीको सुनाइ उपलब्धिमा प्रभाव पर्ने देखिन्छ । यस भनाइले विद्यार्थीको भाषा सिक्ने प्रक्रियामा उनीहरूको अभिभावकको पनि मुख्य भूमिका रहेको पुष्टि हुन्छ । यस सम्बन्धमा शिक्षक१ को मत यस्तो छ : अभिभावकले विद्यार्थीलाई भाषाका प्रयोगका रूपमा सचेत अभ्यास गराउँदा बढी सुधार हुन्छ । मेरो अनुभवमा चाहिँ के देखिएको छ भने ...पढेलेखेका अभिभावक हुँदा आफ्ना बच्चालाई यो ठाउँमा यस्तो गर भनेर सिकाउने गर्दछन् ....त्यस्तो अभिभावक नहुँदा चाहिँ बालबालिकाले थाहा नपाईकन पनि अभिभावकको प्रभाव ग्रहण गरेका हुन्छन्र । यसर्थ विद्यार्थीका भाषिक गतिविधिमा अभिभावकको सचेत र असचेत रूपमा हुने प्रयासले उनीहरूको सिकाइ उपलब्धिमा भिन्नता सिर्जना गर्ने पुष्टि हुन्छ ।

## नतिजाको छलफल

विद्यार्थीको सुनाइ उपलब्धिमा अभिभावकको शैक्षिक अवस्थाको भूमिका रहेको परिमाणात्मक र गुणात्मक तथ्याङ्कबाट पुष्टि भएको छ। परिमाणात्मक तथ्याङ्कलाई पनि सहभागीले फरक फरक मतबाट पुष्टि गरेका छन् । सुनाइ उपलब्धिमा अभिभावकको शिक्षाले पार्ने प्रभावका सन्दर्भमा विविधता रहेकाले पूर्वकार्यको आधारमा यसलाई छलफल गरिएको छ । अधिकारी (२०६७) ले भाषा सिकाइको प्रारम्भिक सिप सुनाइ घरपरिवारबाट हुने कुरामा जोड दिएका थिए जुन कुरा यस अध्ययनमा पनि देखिएको छ । काफ्ले (२०८२) ले अभिभावकको शैक्षिक अवस्थाको आधारमा सुनाइको अध्ययन गर्न सकिनेतर्फ सङ्केत गरे पनि उनको अध्ययनमा भाषिक पृष्ठभूमिनै सुनाइको मुख्य कारक मानिएको छ तर यस अध्ययनले अभिभावकको शैक्षिक अवस्था पनि सुनाइ उपलब्धिमा भिन्नता ल्याउने मुख्य आधार मानेको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रको २०७२ र २०७३ को प्रतिवेदनले पनि विद्यार्थीको पढाइ उपलब्धिमा उनीहरूको अभिभावकको शैक्षिक अवस्थाको मुख्य भूमिका हुने निष्कर्ष प्रस्तुत गरेको थियो । यस अध्ययनमा पनि अभिभावको शैक्षिक अवस्थाको प्रभाव देखिएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले पनि उच्च तहमा पुगेपछि त्यसको प्रभावमा तटस्थता देखाएको थियो । यस अध्ययनमा पनि बाह्र कक्षामाथिको शैक्षिक अवस्था भएका अभिभावकको सन्ततिको सुनाइ उपलब्धिमा सार्थक भिन्नता छैन । भण्डारी र तिम्सिना (सन् २०२४) ले पनि ५० प्रतिशत प्रभाव अभिभावकको शिक्षाले पार्ने दाबी गरेझैँ यस अध्ययनमा पनि परिमाणात्मक र गुणात्मक तथ्याङ्कमा मिश्रित नतिजा आएकाले यो पक्ष थप पुष्टि भएको छ । बरूति (सन् २०२४) ले बालबालिकाको चौतर्फी विकासमा अभिभावकको भूमिका रहने र त्यसभित्र भाषा पनि समावेश भएकाले यसको उचित व्यवहारमा अभिभावकको प्रभाव किटान गरेका छन् । विद्यार्थीले पाएका भाषिक वातावरण र सहयोगका दृष्टिले पनि महत्त्वपूर्ण मानिएको छ । सुनाइ उपलब्धिमा नतिजामा पनि यस पक्षले प्रभाव पारेको छ ।

पौडेल (२०६७) र पौडेल (२०७२) ले औल्याएका वातावरणीय भिन्नता र अभिभावकले स्थापना गरेको सम्बन्धले पनि विद्यार्थीको सुनाइ उपलब्धिमा प्रभाव पारेको देखिन्छ । काफ्ले (सन् २०२४) र पाण्डे (सन् २०२४) ले सुनाइको परीक्षणका लागि वस्तुगत प्रश्नको उपयोगलाई सैद्धान्तिक रूपमा सिफारिस गरेका तर यस अध्ययनमा व्यावहारिक रूपमै यसको आवश्यकतालाई स्थापित गरेको छ । महर्जन (सन् २०१७) ले सूचनाको स्थानान्तरणका रूपमा सुनाइलाई लिएझैँ यस अध्ययनमा पनि बोधात्मक ज्ञानको विकासका दृष्टिले सुनाइको भूमिका प्रस्टिएको छ । सुनाइ सिपकै प्रभावक भनेर कुनै अध्ययन हुन नसकेकाले पूर्व अध्ययनका आधारमा हेर्दा सुनाइ उपलब्धिको नतिजामा सम्बन्धमा आमाको शैक्षिक अवस्थाले बढी प्रभाव पारेका तथ्याङ्कलाई प्रमाणित गरेको छ । हिटन (सन् १९८८), ओलर (सन् १९७९), रोस्ट (सन् २०११) र बुक (सन् २०१०) ले सिफारिस गरेका पृथकीकृत पद्धतिलाई आधार मानी वस्तुगत प्रकृतिका प्रश्नबाट विद्यार्थीको सुनाइ सिप मात्र परीक्षण गर्न सकिने आधार प्राप्त भएको छ । अभिभावकको शैक्षिक अवस्थाले बालबालिकासँगको अन्तरक्रिया र कुराकानीको तरिकामा फरक पार्ने भएकाले लङ (सन् १९८१) ले भनेझैँ सुनाइ सिपको विकासमा पनि आपसी अन्तरक्रिया मुख्य देखिएको छ ।

## निष्कर्ष

सुनाइ प्रारम्भिक र कथ्य स्वरूपसँग निकट भएकाले यसको विकासमा अभिभावकसँग गरिने भाषिक व्यवहार र अन्तरक्रियाबाट विद्यार्थीको उपलब्धिमा विविधता सिर्जना गर्दछ । बालबालिकको चौतर्फी विकास र भाषिक व्यवहारको व्यापक सन्दर्भ घरबाटै हुने भएकाले अभिभावले गर्ने व्यवहारमा शिक्षाको मुख्य भूमिका हुन्छ । बालबालिकको भाषा सिकाइमा उनीहरूको अभिभावकले प्राप्त गरेको शैक्षिक स्थितिले स्पष्ट प्रभाव पार्दछ । भाषिक व्यवहार र संलग्नताका दृष्टिले बुबाको भन्दा आमाको शैक्षिक अवस्थाले विद्यार्थीको सुनाइ उपलब्धिको विकास र सुधारमा सहयोग गर्दछ । साक्षर र दशजोड दुईसम्मका शिक्षा प्राप्त अभिभावकको सन्ततिको सुनाइमा भने राम्रो प्रभाव पार्ने निष्कर्षमा पुगिएको छ । विद्यार्थीले पाएको शैक्षिक वातावरण र अन्तरक्रिया नै सुनाइ उपलब्धिका मुख्य प्रभावक हुन् । सुनाइलाई वस्तुगत प्रश्नबाट परीक्षण गर्दा पृथकीकृत पद्धतिको अवलम्बन सहज हुने निष्कर्षमा पुगिएको छ । अभिभावकले प्रत्यक्ष रूपमा विद्यार्थीको सिकाइमा गरेको प्रयासले पनि सुनाइ निर्धारित हुन्छ । यसर्थ भाषा सिकाइका सन्दर्भमा विद्यार्थीको पारिवारिक भूमिकालाई ख्याल गर्न सकेमा विद्यार्थीको सुनाइ प्रभावकारी र उपलब्धिमूलक हुन्छ ।

## सन्दर्भसामग्री

अधिकारी, हेमाङ्गराज (२०६७), *नेपाली भाषा शिक्षण* (नवौं संस्करण), विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, देवीराम (२०७१), विद्यालय तहमा भाषिक सिकाइको अवस्था, *शिक्षा,* (३३–४०) ।

आचार्य, शर्वराज (२०६७), *प्राथमिक विद्यालयका नेपाली इतर मातृभाषी विद्यार्थीको नेपाली भाषा सिकाइ उपलब्धिको अध्ययन* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय ।

ओलर/ Oller, J.W. (१९७९). Language tests at school, Longman.

क्रसवेल/ Cresswell, J.W. (२०१९)= Research design, Sage Publication.

काफ्ले, उमेश (सन् २०२३), भाषा शिक्षकका दृष्टिकोणमा सुनाइ सिप परीक्षण, एजुकेसन क्वार्टली, ४(१), १२१–१३३ । https://doi. org/१०.३१२६/jeqtu.ख४i१.५७४१६

काफ्ले, उमेश (सन् २०२४), कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त सुनाइ

अभ्यास, सोलुखुम्बु मल्टिपल क्याम्पस रिसर्च जर्नल, ६(१), ११८ – १३० । https://doi.org/१०.३१२६/smcrj=v^i१.७४५३१

काफ्ले, उमेश (२०८२), *आधारभूत तहमा अध्ययनरत विद्यार्थीको नेपाली भाषामा सुनाइ उपलब्धि,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय ।

क्रासन/ Krashen, S.D (१९९५). Principle and practice in second language acquisition. Phoenix ELT.

खनाल, पेशल (२०८०), *शैक्षिक अनुसन्धान पद्धति* (चौथौ, संस्करण), सनलाइट पब्लिकेसन ।

खनिया / Khaniya, T.R. (२०१३). Examination for enhanced learning-and ed., Educational and developmental service centre Pvt. Ltd.

घिमिरे/ Ghimire N.B. (२०१९). Teaching listening at secondary level: practices and problems. (Unpublish mini research), RMC Sidddhajyoti Educational Campus.

पाण्डे/ Pandey, G.P. (२०२४). English language teaching research and testing, Sunlight Publication.

पौडेल, माधवप्रसाद (२०६६), *प्राथमिक तहमा नेपाली भाषिक सिपहरूको प्रयोगात्मक मूल्याङ्कन प्रविधिको अध्ययन,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय ।

पौडेल, माधव प्रसाद (२०६७), *दोस्रो भाषाका रूपमा नेपाली शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, नेत्रप्रसाद (२०७२), *नेपाली भाषा सिकाइमा बाल विकासको प्रभाव,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय ।

बरुति / Baruti, S. (२०२३). The role of parents in the development of language and speech in children, Youth Voice Journal Vol. III, ६७-७९ . https://www.researchgate.net/publication/३८३२७६४२९

बुक/ Buck. G. (२०१०). Assessing listening, Cambridge University Press.

भट्टराई, रमेश (२०८१), आधारभूत तहका सन्दर्भमा भाषिक सिप र पठनतत्त्वगत प्रक्रिया, *विकासको निम्ति शिक्षा,* २७(१), १५-३४ । https://doi.org/१०.३१२६/bns.v२७i१.६६४४२

भण्डारी र तिम्सिना / Bhandari, R., and Timsina, T.P (२०२४). Examining the impact of parents education on students academic achievements. Shanlax International Journal of Arts, Science and Humanities, ११(४), १०२-१०. https://doi.org/१०.३४२९३/sijash.v११i४.७२२८

महर्जन / Maharjan, L.B. (२०१७). ELT research and testing, Quest Publication.

रोस्ट / Rost. (२०११). Teaching and researching listening, Pearson Education Limited.

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७२), *विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०१२ (वि.सं. २०६९) कक्षा ३ र कक्षा ५ : सङ्क्षिप्त प्रतिवेदन,* स्वयम् ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७३), *विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, २०७२ (कक्षा ३ र कक्षा ५) : सङ्क्षिप्त प्रतिवेदन,* स्वयम् ।